## आकाशवाणी समाचार- नेपाली

मितिः २४ अप्रेल

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. पश्चिम बङ्गाल विधानसभा चुनाउ 2026 को पहिलो चरणमा 16 जिल्लाका 152 वटा सिटहरुमा ९० प्रतिशतभन्दा अधिक मतदान भएको छ|

२. प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह र मुख्यमन्त्री ममता ब्यानर्जीले आज पश्चिम बंगालमा विधानसभा चुनावको लागि प्रचार गर्नुहुनेछ।

३. मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यमा केन्द्रिय बलहरूलाई अत्यधिक मात्रामा तैनाथ गरिँदैछ जसबाट मतदाताहरूमा दबाव भइरहेको आरोप लगाउनु भएको छ|

४. पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदान समाप्त भएपछि निर्वाचन आयोगले नयाँ दिशानिर्देशहरू जारी गरेको छ।

५. पहाडका तीनवटै सिटहरु जित्ने र राज्यमा पनि ममता सरकार नै पूर्ण बहुमतको साथमा गठन हुने जीटिए प्रमुख अनित थापाले दाबी गर्नु भएको छ।

**बङ्गाल विधानसभा चुनाउ पहिलो चरण**

पश्चिम बङ्गाल विधानसभा चुनाउ 2026 को पहिलो चरण हिजो राज्यभरि कडा सुरक्षा व्यवस्था र व्यापक प्रशासनिक निगरानीको बिचमा सम्पन्न भयो। यस चरणमा 16 जिल्लाका 152 वटा विधानसभा सिटमा मतदान भयो, जसमा जम्मा 1हजार 4 सय 78 उम्मेदवारको राजनीतिक भविष्य ईभीएममा बन्द भएको छ। हिजो बिहानदेखि मतदान केन्द्रमा मतदाताहरूको लामो लाइन देखियो र दिनभरि मतदानको वातावरण उत्साहजनक रह्यो। विशेष कुरा के छ भने यस पटक बम्पर मतदान भएको छ। राज्यमा ९० प्रतिशतभन्दा अधिक मतदान रेकर्ड गरेको छ, जुन अघिल्लो धेरै चुनाउहरूभन्दा उल्लेखनीय रूपमा बढी हो। यसलाई रेकर्ड मतदानका रूपमा हेरिएको छ।

**बाइट**

***यस चरणमा दार्जिलिङ, कालेबुङ, जलपाइगढी, अलीपुरद्वार, कुचबिहार, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर, माल्दा, मुर्शिदाबाद, बीरभूम, पश्चिम बर्धमान, पुरुलिया, बाँकुरा, झारग्राम, पश्चिम मेदिनीपुर र पूर्व मेदिनीपुरमा मतदान भयो। यी सबै जिल्लाहरू भौगोलिक र सामाजिक रूपमा विविध क्षेत्रहरू हुन्, जसमा सीमावर्ती क्षेत्रहरू, चिया बगान क्षेत्रहरू, आदिवासी बहुल क्षेत्रहरू, ग्रामीण क्षेत्रहरू साथै शहरी केन्द्रहरू समावेश छन्। फलस्वरूप, मतदानको प्रकृति जिल्ला जिल्लामा भिन्न थियो तर समग्र सहभागिता अत्यन्त उच्च थियो। निर्वाचन आयोगका अनुसार, पहिलो चरणमा लगभग 3 करोड़ 60 लाख मतदाताले आफ्नो मताधिकार प्रयोग गर्न योग्य थिए। जम्मा 44 हजार 3 सय 76 मतदान केन्द्रहरू स्थापना गरिएको थियो, जसमध्ये हजारौँ ग्रामीण क्षेत्रमा र हजारौँ शहरी क्षेत्रमा अवस्थित थिए।***

***मतदाताहरूको सुविधा र पारदर्शिता सुनिश्चित गर्न 5 हजार 6 सय 44 मतदान केन्द्रहरू पूर्ण रूपमा महिला कर्मचारीहरूद्वारा सञ्चालित थिए, जबकि 207 मतदान केन्द्रहरू मोडेल स्टेसनका रूपमा विकास गरिएको थियो। मतदान प्रक्रियालाई थप समावेशी बनाउन वृद्ध तथा दिव्याङ मतदाताका लागि पनि विशेष व्यवस्था गरिएको छ। यो चरण सुरक्षाको सन्दर्भमा सबैभन्दा कडा मानिएको छ। राज्यभरि केन्द्रिय सशस्त्र पुलिस बलका 2 हजार 4 सय 7 कम्पनीहरू तैनाथ गरिएको थियो। कुनै पनि परिस्थितिमा मतदान प्रक्रियामा असर नपरोस् भनेर संवेदनशील र अति संवेदनशील बुथहरूमा अतिरिक्त निगरानी, ड्रोन निगरानी, फ्लाइङ टोलीहरू र विशेष पर्यवेक्षकहरू निरन्तर तैनाथ गरिएको थियो।***

**दार्जिलिङ जिल्लामा ८८.८० प्रतिशत मतदान**

बंगाल विधानसभा चुनाव 2026 अन्तर्गत दार्जिलिङ जिल्लामा ८८.८० प्रतिशत मतदान भएको छ। यसमा दार्जिलिङ जिल्लाको पाँचवटा विधानसभाहरुमा
द र्जिलिङ विधानसभा समष्टिमा - 82.09 प्रतिशत, खरसाङ विधानसभा समष्टिमा - 82.16 प्रतिशत, मतिगढा - नक्सलबाडी समष्टिमा - 91.69 प्रतिशत, सिलगढी विधानसभा समष्टिमा - 88.98 प्रतिशत र फाँसीदेवा विधानसभा समष्टिमा - 93.99 प्रतिशत मतदान भएको छ। त्यसरी नैकलेबुंग जिल्लामा ८१.९८ प्रतिशत मतदान भएको जान्कारी प्राप्त भएको छ|

**प्रधानमन्त्री पश्चिम बंगाल**

प्रधानमन्त्री र वरिष्ठ भाजपा नेता नरेन्द्र मोदीले आज पश्चिम बंगालमा विधानसभा चुनावको लागि प्रचार गर्नुहुनेछ। उहाँले आज बिहान **दमदम**मा एक जनसभालाई सम्बोधन गर्नुहुनेछ यसपछि प्रधानमन्त्रीले **बारुईपुर**मा दोस्रो रैली गर्नुहुनेछ ।
केन्द्रीय गृहमन्त्री र वरिष्ठ भाजपा नेता अमित शाहले पनि चुनाव प्रचारमा भाग लिनुहुनेछ। गृहमन्त्रीले आज दिउँसो **हिंगलगंज**को **लेबुखाली** मैदान र **कोन्नगरमा** जनसभालाई सम्बोधन गर्नुहुनेछ। यसपछि साँझमा श्री शाहले **जगद्दल** विधानसभा क्षेत्रको **आतपुर ईएसडी** गेटमा रोड शो गर्नुहुनेछ।
तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीले आज **भवानीपुरमा** प्रचार गर्नुहुनेछ जबकि तृणमूल कांग्रेसका महासचिव अभिषेक ब्यानर्जीले आज **हावड़ा** र **दक्षिण 24 परगना** का कयौ स्थानहरुमा चुनावी सभा र रोड शो गर्नुहुनेछ।

**मुख्यमन्त्री ममता ब्यानर्जी**

पश्चिम बङ्गाल विधानसभा चुनाउ 2026 बीच मुख्यमन्त्री ममता ब्यानर्जीले उत्तर कोलकाताको चौरङ्गी क्षेत्रमा आयोजित एक जनसभालाई सम्बोधन गर्नु हुँदै भाजपा तथा चुनाउ आयोगमाथि प्रहार गर्नु भयो। आफ्नो सम्बोधनमा सुश्री ममता ब्यानर्जीले आरोप लगाउनु भयो, राज्यमा केन्द्रिय बलहरूलाई अत्यधिक मात्रामा तैनाथ गरिँदैछ जसबाट मतदाताहरूमा दबाव भइरहेको छ। यसबाट स्वतन्त्र अनि निष्पक्ष मतदान प्रभावित हुनसक्छ। उहाँले भन्नु भयो, कतिपय स्थानहरूमा मतदाताहरूलाई डर देखाउने अनि लोकतान्त्रिक प्रक्रियालाई प्रभावित पार्ने चेष्टा गरिँदैछ। मुख्यमन्त्रीले प्रशासन र पुलिस अधिकारीहरूसित निष्पक्ष ढङ्गमा काम गर्ने अपील गर्नु हुन्दाउ भन्नु भयो, अधिकारीहरूले कुनै पनि प्रकारको राजनीतिक दबावमा नपरी आफ्नो कर्तव्यलाई पालन गरुन् अनि लोकतन्त्रको रक्षा सुनिश्चित गरून्।
सुश्री ममता ब्यानर्जीले भाजपामाथि केन्द्रिय एजेन्सीहरूको दुरूपयोग गरेको आरोप समेत लगाउनु हुँदै भन्नु भयो, चुनावी माहोललाई प्रभावित पार्ने चेष्टा गरिँदैछ। उहाँले जनतासि अपील गर्नु भयो, उनीहरूले आफ्नो भोटको माध्यमबाट यसको जवाफ दिउन्। उहाँले विश्वास व्यक्त गर्नु भयो, तृणमूल कङ्ग्रेस फेरि एकपटक सत्तामा फर्किनेछ, किनभने जनताको समर्थन पार्टीको साथमा छ।

**निर्वाचन आयोग - पश्चिम बंगाल दिशानिर्देशहरू**

पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदान समाप्त भएपछि निर्वाचन आयोगले नयाँ दिशानिर्देशहरू जारी गरेको छ। मतदान प्रक्रिया पूरा भएपछि निगरानी क्यामेरा र भिडियो डेटा ह्यान्डल गर्ने सम्बन्धमा कडा निर्देशनहरू जारी गरिएको छ। यी दिशानिर्देशहरू अन्तर्गत मतदान केन्द्रहरूमा जडान गरिएका क्यामेराहरूमा प्रयोग गरिएका एस.डी कार्डहरू मतदान समाप्त भएपछि तुरुन्तै हटाउन सकिँदैन।

**बाइट**

यसैबीच, मतदानको दोस्रो चरणको वेबकास्टिङको लागि परीक्षण रन आज बिहान १० बजी सुरु हुने तालिका छ। यो अभ्यास तीन फरक चरणहरूमा सञ्चालन गरिनेछ। २९४ सदस्यीय पश्चिम बंगाल विधानसभा चुनावको लागि मतदानको पहिलो चरण हिजो सम्पन्न भयो। दोस्रो चरणको मतदान २९ अप्रेलमा हुने तालिका छ र मतगणना ४ मईमा हुनेछ।

**पश्चिम बंगाल-सीईओ**

पश्चिम बंगालका मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवालले भन्नुभयो, पश्चिम बंगालमा पहिलो चरणको मतदानमा मतदाताहरुले निडर भइ मतदान गरे अनि आफ्नो मताधिकार प्रयोग प्रसन्न देखिए। उहाँले अझ बताउनु भयो

90 प्रतिशतभन्दा अधिक मतदान भएको छ। श्री अग्रवालले भन्नुभयो, कुनै पनि मतदान केन्द्रभित्र कुनै अप्रिय घटना भएको खबर छैन अनि मतदान लामो समयको लागि बाधित भएन। उहाँले वेबकास्टिंगको व्यवस्था पूर्ण रुपले प्रभावी रह्यो अनि आवश्यकता रहेको स्थानमा जनरेटर र सिम आधारित कैमराहरुको उपयोग गरिएको थीयो। पिंगलाको घटनाबारे उहाँले प्रतिवेदनमा कुनै विसंगति भेटिए पुनः मतदानबारे निर्णय लिन सकिने बताउनु भयो। यसैबीच, राज्य पुलिसका नोडल अधिकारी आनन्द कुमारले चुनावसँग सम्बन्धित घटनाहरूमा अहिलेसम्म ४१ जनालाई पक्राउ गरिएको बताउनु भयो। उहाँले हिजो ५७० जनालाई हिरासतमा लिइएको बताउनु भयो।

**अनित थापा**

पहाडका तीनवटै सिटहरु दार्जिलिङ, खरसाङ र कालेबुङ जित्नेछौँ र राज्यमा पनि ममता सरकार नै पूर्ण बहुमतको साथमा सरकार गठन हुने गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल एवं भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय संस्थापक अध्यक्ष अनित थापाले दाबी गर्नु भएको छ। उहाँले हिजो खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा रहेको बुथमा भोट हालेपछि पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै शान्तिपूर्ण चुनाउको लागि पहाडका जनता र सबै राजनीतिक दलहरुलाई धन्यवाद दिनु भएको छ। उहाँले भन्नु भयो, यसपालीको चुनाउ सबैले उत्सवको रूपमा लिएको र नाच्दै गाउँदै पहाडलाई यसरी नै अघि लानुपर्छ। सबैसित मिलेर मेलमिलापसित शान्ति र समृद्धिको गोरेटोमा अझ अघि लानुपर्छ। यसपाली हामीले जुन पूर्वाधार र विकासको लागि साथै चुनाउ प्रक्रियामा पनि खुशी राख्ने र शान्ति स्थापना गरेका छौँ। यो खुशी र शान्ति अझ अघि लानुपर्छ।

**छप्पा भोटिङ्ग ' प्रक्सी भोटिङ्ग भएको आरोप**

सिलगढ़ीपछि अब फाँसीदेवामा पनि 'छप्पा भोटिङ्ग ' प्रक्सी भोटिङ्ग भएको आरोप अघि आएको छ। पहिलो चरणको मतदान अवधि सिलगढ़ी महकुमाको सुदामगछ क्षेत्रस्थित बूथ नम्बर 27/165 मा अचम्भको घटा घट्यो जसले गर्दा सम्पूर्ण क्षेत्रमा तनाउ फैलियो। प्राप्त जानकारी अनुसार सुदामगछ निवासी दीपु सिंह (सीरियल नम्बर 679 को मतदाता) भोट दिन मतदान केन्द्रमा पुग्दा उनलाई बताइयो, उनको भोट पहिला नै खसालिसकिएको छ। यसमाथि उनले विरोध व्यक्त गरे पनि कुनै समाधान हुन नसकेपछि उनलाई भोट नदिई फर्किनुपर्‍यो।

*********